"आत्मा साक्षी राखी मन वचन र कर्मले सेवा गरौं"

वार्षिक प्रतिवेदन

२०८२/०८३

समाज कल्याण परिषद्
Social Welfare Council

"आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं"

समाज कल्याण परिषद्को

वार्षिक प्रगति प्रतिवेदन

२०८२/०८३

प्रकाशक :

समाज कल्याण परिषद्

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक, ललितपुर

पोष्ट बक्स : २५४८, काठमाडौं, फ्याक्स : ५७७-०१-५५५५७७८

टेलिफोन नं. : ०१-५४५५४४८, ०१-५४५५४५४, ०१-५४५५४५५

इमेल : info@swc.org.np, Website : www.swc.org.np

प्रकाशन मिति : २०८३ असोज ६

मुद्रण : रोल्वालिङ अफसेट प्रेस, बानेश्वर, काठमाडौं
फोन नं.: ५८५११०२२२५

सर्वाधिकार :

समाज कल्याण परिषद्मा सुरक्षित

प्रमुख संरक्षक

सिता वादी

मन्त्री– महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

अध्यक्ष – समाज कल्याण परिषद्

संरक्षक

चक्र बहादुर बुढा

सदस्य–सचिव

दिपेन्द्र पन्त

का.मु. निर्देशक, अनुगमन तथा मूल्याङ्कन विभाग

प्रकाश पंज्ञानी

सहायक निर्देशक, अनुगमन शाखा र मुल्याङ्कन शाखा

योगेन्द्र लम्साल

सहायक द्वितीय (टाइपिङ्ग सहयोगी) अनुगमन शाखा

विषय सूची

शुभकामना १

प्रतिबद्धता ३

सम्पादकीय ५

परिच्छेद एक : समाज कल्याण परिषद्बारे ७

परिच्छेद दुई : आ.व. २०८२/०८३ मा परिषद्द्वारा सम्पादन गरिएका मुख्य उपलब्धिहरू ११

परिच्छेद तीन : समस्या, चुनौती र समाधान तथा भावी रणनीति ३१

परिच्छेद चार : लेख/रचनाहरू ४७

ReSurge International : Transforming Lives Through Reconstructive Surgery ४७

परिच्छेद पाँच : परिषद्का AML/CFT सम्बन्धी गतिविधि ५२

अनुसूचीहरू : ५४

अनुसूची-१. आ.व. २०८२/८३ मा परिषद्बाट स्वीकृत गरिएका गैर सरकारी संस्थाको परियोजनाको विवरण ५४

अनुसूची-२. आ.व. २०८२/८३ मा अनुमोदनको प्रक्रियाका लागि पेश गरिएका गैर सरकारी संस्थाको परियोजनाको विवरण १८३

अनुसूची-३. आ.व. २०८२/८३ मा साधारण संभौता (नयाँ तथा नविकरण) गरिएका अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको परियोजनाको विवरण १८९

अनुसूची-४. आ.व. २०८२/८३ मा परियोजना संभौता गरिएका अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको परियोजनाको विवरण १९१

अनुसूची-५. आ.व. २०८२/८३ मा परिषद्बाट मुल्याङ्कन गरी प्राप्त भएका गैर सरकारी संस्थाको परियोजनाको विवरण १९५

अनुसूची-६. आ.व. २०८२/८३ मा परिषद्बाट मुल्याङ्कन गरी प्राप्त भएका गैर सरकारी संस्थाको परियोजनाको विवरण २१३

अनुसूची-७. आ.व २०८२/८३ मा परिषद्बाट गरिएका गैर सरकारी संस्थाको टेवल मुल्याङ्कन विवरण २१८

अनुसूची-८. समाज कल्याण परिषद्का पदाधिकारी एवं सदस्यहरूको नामावली २२५

अनुसूची-९. समाज कल्याण परिषद्मा कार्यरत कर्मचारीहरूको विवरण २२६

अनुसूची-१०. कानूनी सल्लाहकारको करार नियुक्ति विवरण २२७

अनुसूची-११. सूचनाहरू २२८

अनुसूची-१२. परिषद्को संगठनात्मक संरचना २३२

समाज कल्याण परिषद्



केन्द्रीय कार्यालय
हरिहरभवन
ललितपुर, नेपाल

पत्र संख्या
च. नं.

शुभकामना

समाज कल्याण परिषद्को ४९ औं स्थापना दिवस तथा ४७ औं सामाजिक सेवा दिवसको सुखद अवसरमा सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था एवं समाजसेवीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालमा समाज सेवा र सामाजिक संघसंस्थाहरूको विकासमा समाज कल्याण परिषद्को भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। गैरसरकारी क्षेत्रबाट सञ्चालित सामाजिक कार्यलाई संगठित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यका साथ वि.सं. २०३४ साल आश्विन ६ गते यस परिषद्को स्थापना भएको हो। परिषद्को स्थापनासँगै सामाजिक संघसंस्थाहरूको संस्थागत विकास र परिषद्मा आवद्ध हुने क्रमको थालनी भएको हो।

स्थापनाको प्रारम्भिक अवस्थामा परिषद्मा आवद्ध संघसंस्थाहरूले मानवीय उद्धार, कल्याण, स्वयंसेवक कार्य तथा सामुदायिक विकासका क्षेत्रमा योगदान दिँदै आएका थिए। तर समयक्रमसँगै यसको कार्यक्षेत्र र दायरा फराकिलो बन्दै गयो। हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले शिक्षा, स्वास्थ्य, सिप विकास, सशक्तीकरण, सरसफाई, प्रविधि विकास, खानेपानी, जीविकोपार्जन, सचेतना, महिला, बालबालिका, सिमान्तकृत वर्ग, संरक्षण र अधिकार, वन्यजन्तु संरक्षण, वातावरण तथा जलवायु परिवर्तन रोजगारी, कृषि र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार तथा सुरक्षाका क्षेत्रमा काम गरिरहेका छन्। यसका साथै, हालै रसुवा भोटेकोशीको विपद्मा राहत व्यवस्थापन तथा पुनर्स्थापनाका क्षेत्रमा गरेको कार्य सह्रानीय छ।

सामाजिक संघसंस्था एवं समाजसेवीहरूलाई थप जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउनेतर्फ परिषद्ले निरन्तर प्रयास गर्दै आइरहेको छ। समाजसेवा जस्तो पवित्र एवं गरिमामय कार्य गर्दा सेवाभावलाई केन्द्रमा राखी ग्रामीण क्षेत्रका सीमान्तकृत वर्ग एवं समुदायलाई लक्षित गरी कार्यक्रमहरू तय हुनुपर्दछ। नेपाल सरकारका नीति एव प्राथमिकतामा केन्द्रित रही नेपालको विकास कार्यमा सामाजिक संघसंस्थाहरूले पुऱ्याएको योगदानलाई अझ बढी प्रभावकारी, सुव्यवस्थित र दिगो विकासका लक्ष्यअनुरूप बनाउनु जरुरी छ। आगामी दिनमा परिषद्ले पनि कार्यक्रम स्वीकृति, सहजीकरण, समन्वय, अनुगमन, मूल्याङ्कन, सूचना तथा अभिलेख व्यवस्थापन जस्ता विषयलाई अझै व्यवस्थित र प्रभावकारी बनाउँदै लैजानेछ।

परिषद्द्वारा प्रदान गरिने सेवालाई अझ छिटोछरितो र प्रभावकारी बनाउनका निम्ति परिषद्लाई डिजिटलाइजेसनमा लैजाने र यसबाट सेवाग्राहीहरूले टाढा-टाढाबाट काठमाडौं धाउनुपर्ने बाध्यात्मक

पोष्ट बक्स नं. २८४८, काठमाडौं, नेपाल, फ्याक्स नं.: ९७७-०१-५४५५७७८
टेलिफोन नं. ०१-५४५५४४८, ०१-५४५५४८४, ०१-५४५५४८५, ईमेल: info@swc.org.np, Website: www.swc.org.np

समाज कल्याण परिषद्

केन्द्रीय कार्यालय
हरिहरभवन
ललितपुर, नेपाल

पत्र संख्या
च. नं.

अवस्थाको अन्त्य भई परिषद्को सेवालाई नागरिकको पहुँचमा पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु। परिषद्को स्थापना दिवस तथा 'सामाजिक सेवा दिवस' को यस विशेष दिनलाई सम्पूर्ण सामाजिक संघसंस्था एवं समाजसेवीहरूले आफुद्वारा सञ्चालित क्रियाकलापहरूको समीक्षा र स्वमूल्याङ्कन गर्ने अवसरको रूपमा उपयोग गर्नु उपयुक्त हुनेछ। यस सन्दर्भमा सम्बन्धित सबैको ध्यान पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, परिषद्को ४९ औं स्थापना दिवस तथा ४७ औं सामाजिक सेवा दिवसको यस पुनित अवसरमा सम्पूर्ण समाजसेवीहरूको प्रतिष्ठा र मर्यादा अझ उच्च होस् भन्ने कामना गर्दछु। समाज कल्याण, सेवा र विकासका कार्यहरू अझै प्रभावकारी, व्यापक र नागिरकमैत्री बन्दै देश विकासमा ठोस योगदान पुग्न सकोस्, यही मेरो शुभकामना छ। धन्यवाद !

मितिः २०८३।०६।०६

सिता बादी
मन्त्री, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
एवं
अध्यक्ष, समाज कल्याण परिषद् ।

पोष्ट बक्स नं. २९४८, काठमाडौं, नेपाल, फ्याक्स नं.: ९७७-०१-५४५५७७८
टेलिफोन नं. ०१-५४५५४४८, ०१-५४५५४८४, ०१-५४५५४८५, ईमेल: info@swc.org.np, Website: www.swc.org.np

समाज कल्याण परिषद्



केन्द्रीय कार्यालय
हरिहरभवन
ललितपुर, नेपाल

पत्र संख्या
च. नं.

प्रतिबद्धता

'आत्मा साक्षी राखी मन, बचन र कर्मले सेवा गरौं' भन्ने मुल मन्त्र लिएर गठन भएको समाज कल्याण परिषद्, समाज कल्याण ऐन २०४९ बमोजिम गठित स्वायत्त निकाय हो । समाजमा रहेका विपन्न वर्ग, सिमान्तकृत समुदाय, कमजोर, असहाय र अपाङ्गता भएका व्यक्तिलाई सेवा पुर्याउने, पिछडिएको वर्ग समुदायलाई आर्थिक एवं सामाजिक रुपमा सक्षम बनाउने तथा समाज सेवासँग सम्बन्धित क्रियाकलापलाई विकास निर्माणका क्षेत्रमा आवद्ध गराउने, समाजसेवी तथा सामाजिक संघसंस्थाहरुको मर्यादा र प्रतिष्ठा बढाउने, संघसंस्थाहरुको काम कारवाहीमा समन्वय गर्ने, संघसंस्थाका कामको अनुगमन मूल्याङ्कन गर्ने, संघ संस्था सम्बन्धी नीति निर्माणमा सरकारलाई सहयोग पुर्याउने उद्देश्यले परिषद्को स्थापना भई क्रियाशिल रहेको छ ।

समाज कल्याण ऐनको उद्देश्य अनुरुप समाज कल्याण परिषद्ले नियमित रुपमा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग साधारण एवं परियोजना सम्झौता गर्ने, राष्ट्रिय गैर सरकारी संस्थालाई आवद्धता प्रदान गर्ने, वैदेशिक सहयोगमा सञ्चालन गरिने कार्यक्रम/परियोजनाको स्वीकृति प्रदान गर्ने, संघ संस्थाबाट सञ्चालित परियोजनाको अनुगमन मूल्याङ्कन, भन्सार छुट तथा मुल्य अभिवृद्धि कर छुटको सिफारिस लगायतका कार्यहरु गर्दै आएको छ । यसको विस्तृत विवरण प्रकाशन गरी सरोकारवाला सबैको जानकारीमा ल्याइएको छ ।

समाज कल्याण परिषद्सँग आवद्ध हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको संख्या दिन प्रतिदिन वृद्धि भइरहेको छ । हालको राष्ट्रिय विपत्तिमा सरकार र सरकारका निकाय बिच समन्वय/सहकार्य गरी संघ संस्थाले पुर्‍याएको योगदान प्रशंसनीय रहेको छ । यसको अलवा गैर सरकारी संस्थाले मुख्य गरी अस्पताल, विद्यालय, सिप विकास, सशक्तिकरण, सरसफाई, प्रविधि विकास, खानेपानी, जीविकोपार्जन, सचेतना, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्गको संरक्षण र अधिकार प्रवर्द्धन, वन्यजन्तु संरक्षण, वातावरण तथा जलवायु परिवर्तन लगायतका क्षेत्रमा निरन्तर योगदान गरेका छन् ।

वर्तमान परिप्रेक्षमा परिषद्लाई समय सापेक्ष र समयानुकुल बनाउनुपर्ने आजको आवश्यकता रहेको छ । विविध समस्या र चुनौतिका बावजुद पनि परिषद्बाट सम्पादन हुने कार्यहरुलाई समय सापेक्ष, सरल र सहज ढंगले सम्पादन गर्ने, सूचना प्रविधिमा जोड दिई केही रुपमा Online Service को सुरुवात गरेको, आर्थिक सवलीकरणको लागि परिषद्को जग्गा जमिन अधिकतम उपयोग हुने गरी व्यवस्थापन गरिएको, गैर सरकारी संस्था सम्बन्धित Data Base System सम्बन्धी कार्यका साथै गैर सरकारी संस्थाको कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कनमा ध्यान केन्द्रित गरी नीतिगत व्यवस्था गरिएको पनि सम्बद्ध सबैमा अवगत गराउन चाहन्छु ।

सरकारको नीति तथा कार्यक्रम, आवधिक योजना, दिगो विकास लक्ष्यमा तोकिएका प्राथमिकता क्षेत्रको पहिचान गरी सोही अनुरुप गैर सरकारी सामाजिक संघसंस्थाको कामलाई व्यवस्थित बनाउन परिषद्ले परियोजना स्वीकृतिका कार्यहरु अगाडि बढाएको छ । त्यसका निम्ति विद्यमान समाज कल्याण सम्बन्धी कनूनी व्यवस्थामा सुधार गरी परिषद्को पुनसंरचना गर्ने कार्यमा समेत परिषद्बाट आवश्यक सहयोग एवं योगदान हुने प्रतिवद्धता रहेको छ ।

६ असोज २०८३

चक्र बहादुर बुढा
सदस्य सचिव

सम्पादकीय

'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं' भन्ने पवित्र उद्देश्यका साथ स्थापना भएको समाज कल्याण परिषद् स्थापनाको ४९ औं वर्षमा प्रवेश गरेको छ भने परिषद्ले ४७ औं सामाजिक सेवा दिवस मनाउन गइरहेको छ ।

सेवाभाव जस्तो पवित्र उद्देश्यबाट प्रेरित भएर स्थापना भएको यस संस्थाले यही असोज ६ गते ४७ औं स्थापना दिवस तथा सामाजिक सेवा दिवस मनाउन गइरहेको छ । परिषद्ले आफ्नो स्थापना कालदेखि नै विभिन्न उद्देश्यले स्थापना भएर मुलुकभर कार्यरत गैरसरकारी संस्थाहरूको योगदानलाई संस्थागत गर्दै आइरहेको छ । 'सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को रूपमा वि.सं. २०३४ साल असोज ६ गते स्थापना भएको यो संस्था गैरसरकारी संघसंस्थाको नियमनकारी संस्था २०४९ सालमा 'समाज कल्याण ऐन २०४९' जारी भएपछि यसको नाम परिवर्तन भएर 'समाज कल्याण परिषद्' भएको हो ।

परिषद् स्थापना भएपश्चात् गैरसरकारी संस्थाहरूको संख्या द्रुतगतीमा वृद्धि हुन थाल्यो । हाल परिषद्मा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू करिब १३० वटा साधारण सभौता गरेका र गैर सरकारी संस्थाहरू ५९,३१६ वटा आबद्ध भएका छन् । गैरसरकारी संघसंस्थाहरूको परियोजना स्वीकृति, सहजीकरण, समन्वय र ती संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रमको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण गर्नका निम्ति 'समाज कल्याण ऐन २०४९' अनुसार स्थापित परिषद् एक स्वायत्त निकाय हो ।

करिब पाँच दशक लामो इतिहास बोकेको परिषद्ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित सामाजिक क्रियाकलापलाई प्रभावकारी रूपले सञ्चालन गर्न विभिन्न तवरले सहजिकरण गर्दै आइरहेको छ । गैरसरकारी संस्थाहरू र यसमा आवद्ध समाजसेवीहरूको सत्कार्यको सम्मानका लागि एवं समाजसेवालाई एक पवित्र सेवाका रूपमा जनमानसमा स्थापित गर्ने उद्देश्यले वि. सं. २०३६ सालदेखि प्रत्येक वर्षको असोज ६ गते सामाजिक सेवा दिवस मनाउन थालिएको हो ।

सूचना र प्रविधिको विकासले सिङ्गो विश्व एउटा गाउँमा परिणत भइरहेको सन्दर्भमा व्यक्तिवादी प्रवृति हुर्कदै गरेको अवस्था छ । यस्तो अवस्थामा आफ्ना लागि मात्र नभएर अर्काका लागि पनि केही गरौं भन्ने मान्यतालाई अभिप्रेरित गर्ने कार्यका लागि परिषद्ले मनाउँदै आएको 'सामाजिक सेवा दिवस' ले महत्वपूर्ण भूमिका खेल्ने विश्वास रहेको छ ।

यसवर्ष हामीले ४७ औं सामाजिक सेवा दिवस मनाउन गइरहेका छौं । ४७ औं दिवस मनाउँदै गर्दा परिषद् आफैंले आफूलाई अझ बढी परिमार्जित र सुदृढ गर्दै लैजानुपर्ने आवश्यकता हामीले महसुस गरेका छौं ।

समयको मागसँगै परिषद्ले सेवाग्राहीले कामको शिलशिलामा भोग्नुपरेका केही असजिला अवस्थालाई सहज बनाउनका निम्ती परिषद्लाई 'डिजिटाइजेशन'मा लैजाने तथा मुलुकका विभिन्न

कुना, काप्चामा रहेका सबैखाले गैरसरकारी संस्थाहरूलाई सहज रूपमा सेवा प्रदान गर्न सकियोस भन्ने उद्देश्यले प्रदेश तहमा पनि परिषद् विस्तार गर्ने तयारी गरेको छ । यसले पक्कैपनि परिषद् सेवाग्रहीमैत्री बन्दै गइरहेको छ भन्ने कुरालाई पनि पुष्टी गर्नेछ भने, सेवाग्राहीलाई बढी भन्दा बढी सहज रूपमा सेवा प्रदान गर्न सक्नेछ ।

२०८३ भदौ १० गते रसुवा-भोटेकोशी नदीमा आएको बाढीबाट सिर्जना भएको विपद्को व्यवस्थापनमा सामाजिक संघसंस्थाहरूले राहत र पुनर्स्थापनामा गरेको कार्य अत्यन्त सह्रानीय रहेको छ । विपद् व्यवस्थापनका बेला राज्यका निकायहरुसंगको समन्वयमा वास्तविक आवश्यकता पहिचानका साथ लक्षित वर्गमा सेवा पुग्ने गरी कार्य गर्न र गरेको कार्यहरुको संघसंस्थाहरूले उपयुक्त अभिलेख राख्न वाञ्छनीय हुन्छ ।

अन्त्यमा, समाज कल्याण परिषद् परिवार आउँदै गरेको विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा सबैलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

परिच्छेद एक
परिचय

१ पृष्ठभूमी :

समाज सेवा तथा समाज कल्याणको कार्यलाई संस्थागत गर्ने कार्यमा समाज कल्याण परिषद्को विशिष्ट योगदान रहेको छ । नेपाल र नेपाली समाजको सर्वाङ्गीण विकासको लागी समाजका कमजोर, असहाय र असक्त व्यक्तिका लागी सेवा पुऱ्याउन र पिछडिएको वर्गलाई आर्थिक एवं सामाजिक रूपमा सक्षम बनाउन तथा समाज सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माण कार्यसँग सम्बद्ध गराई कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन, समाजसेवी तथा तत्सम्बन्धी संघसंस्थाहरूको मर्यादा र प्रतिष्ठा बढाउन र गैरसरकारी संघसंस्थाहरूको काम कारबाहीमा समन्वय गर्न समाज कल्याण ऐन २०४९ बमोजिम समाज कल्याण परिषद्को स्थापना भएको हो । उक्त ऐनले २०४७ सालको लोकतान्त्रिक परिर्वतसँगै लोकतान्त्रिक मूल्य र फराकिलो भूमिका स्थापित गर्न सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ऐन २०३४ लाई प्रतिस्थापन गरेको थियो ।

परिषद्लाई नीतिगत रूपमा निर्देशित गर्न परिषद् बोर्डको व्यवस्था रहेको छ । उक्त बोर्डमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री अध्यक्ष, नेपाल सरकारबाट मनोनीत उपाध्यक्ष, कोषध्यक्ष, सदस्य-सचिव बाहेक सात सदस्यहरू र राष्ट्रिय योजना आयोग, अर्थ, गृह, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, संङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका पदेन सदस्य रहने व्यवस्था रहेको छ ।

समाज कल्याण परिषद्ले नेपालमा कार्य गर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको आबद्धता, समन्वय, सम्झौता, तिनका कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन, समिक्षा, कार्यक्रम स्वीकृति तथा राष्ट्रिय प्रतिनिधि एवं कार्यक्रम विशेषज्ञहरूको प्रवेशाज्ञा सिफारिस लगायत विविध सेवा सुविधाहरू उपलब्ध गराउँदै आएको छ । परिषद्ले परिषद्सँग समन्वय र सम्बद्ध भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत समाज सेवा तथा कल्याणलाई विकासका विविध आयामसँग जोडी राज्यको आवश्यकता र प्राथमिकतामा लगानी हुने वातावरण सिर्जना गरेको छ । ती संस्थाहरूबाट जनजिविका उत्थान, स्वास्थ्य, शिक्षा, अपाङ्ग, कृषि, क्षमता अभिवृद्धि, कला तथा भाषा संरक्षण, अधिकारको संरक्षण, बालबालिका, वातावरण संरक्षण, विपद्, मानवीय सहयोग लागायतका क्षेत्रमा सरकारको दायित्वलाई केही राहत दिने गरी कार्य गरेको छ । समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानोवोचित जीवनयापन गर्न सक्षम

तुल्याउन, समाजसेवी, संघसंस्था तथा व्यक्तिहरूको मर्यादा र प्रतिष्ठा बढाउन तथा गैरसरकारी सामाजिक संघ-सस्थाहरूको कामकारवाहीको सहजिकरण, अभिलेखिकण लगायतका नियमनका कार्यहरू गर्दै आइरहेको छ ।

२ समाज कल्याण परिषद्को संगठनात्मक संरचना :

परिषद्को संगठनात्मक संरचना अनुसूचीमा राखिएको छ ।

क) परिषद्को गठन :

'समाज कल्याण ऐन २०४९' को दफा ५ बमोजिमको परिषद् गठन हुने व्यवस्था रहेको छ । परिषद्का मनोनीत पदाधिकारी सदस्यहरूको पदावधि चार वर्षको रहने व्यवस्था छ । नीजहरू पुनः मनोनीत हुन सक्नेछन् भन्ने व्यवस्था ऐनले गरेको छ ।

मन्त्री, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय - अध्यक्ष

नेपाल सरकारबाट मनोनीत - उपाध्यक्ष

नेपाल सरकारबाट मनोनीत - कोषाध्यक्ष

राष्ट्रिय योजना आयोगका माननीय सदस्य (सामाजिक सेवा हेर्ने) - सदस्य

नेपाल सरकारबाट मनोनीत ७ जना - सदस्यहरू

प्रतिनिधि, श्री अर्थ मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री गृह मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री भूमि व्यवस्था, सहकारी, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

नेपाल सरकारबाट मनोनीत - सदस्य सचिव

ख) कार्य सम्पादन संरचना

समाज कल्याण परिषद्ले ऐनद्वारा प्रत्याभुत कार्यहरूको सञ्चालन सम्पादन तथा व्यवस्थापन गर्न ५ वटा विभागको गठन एवं कार्यविभाजन गरी कार्य गर्दै आएको छ ।

- सामान्य प्रशासन विभाग
- योजना तथा कार्यक्रम विभाग
- अनुगमन एवं मूल्याङ्कन विभाग
- आर्थिक प्रशासन विभाग
- भृकुटीमण्डप व्यवस्थापन विभाग

ग) परिषद् मातहत रहेका कोष तथा कार्यालयहरू :

- उपकार कोष
- राष्ट्रिय अपाङ्ग कोष
- राष्ट्रिय स्वास्थ्य कोष
- राष्ट्रिय जेष्ठ नागरिक कोष
- सामाजिक उद्यमशिलता कोष

घ) परिषद्को कार्यविधि :

- परिषद्को बोर्ड बैठक कम्तीमा वर्षको दुई पटक बस्ने व्यवस्था छ ।
- परिषद्ले आफ्नो कार्यसञ्चालनका लागि परिषद्का अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य-सचिव र सदस्य समेत बढीमा ७ जना सम्मको कार्यसञ्चालन समिति गठन गर्ने व्यवस्था छ ।
- आवश्यक परेमा परिषद्ले उपसमितिहरू समेत गठन गरी कार्यसञ्चालन गर्न सक्ने व्यवस्था छ

३. समाज कल्याण परिषद्को काम, कर्तव्य र अधिकार :

समाज कल्याण ऐन-२०४९ को दफा ९ बमोजिम परिषद्को काम, कर्तव्य र अधिकार निम्न रहेको छ :

- समाज कल्याण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, सामाजिक संघ संस्थालाई सहयोग गर्ने, तिनीहरूका बीच समन्वय गर्ने र तिनीहरूको कामको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने गराउने ।
- सामाजिक संघ संस्थाहरूको स्थापना, विकास, विस्तार र सुदृढीकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने ।
- नेपाल सरकार र सामाजिक संघ संस्थाहरूबीच समन्वयकर्ताको रूपमा कार्य गर्ने गराउने ।
- समाज कल्याण कार्य तथा समाज सेवा सम्बन्धी नीति निर्माण तथा कार्यक्रम तर्जुमा

सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ।

- समाज कल्याण कार्यको लागि कोषको स्थापना र सञ्चालन गर्ने, गराउने ।
- परिषद्सँग आबद्ध संघ संस्थाहरूका लागि सूचना तथा अभिलेख केन्द्रका रूपमा कार्य गर्ने गराउने ।
- समाज कल्याण कार्यसँग सम्बन्धित विषयमा तालिम दिने, अध्ययन, अनुसन्धान गर्ने, गराउने
- समाज कल्याण ऐन, २०४९ को उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।
- स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्था र विदेशी राष्ट्रसँग आवश्यक सम्झौता वा करार गर्ने, गराउने ।
- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोग रकमको सु-व्यवस्था गर्ने ।

४ कार्यक्षेत्र र कार्यहरू :

क) अनुमति र सम्झौता :

'समाज कल्याण ऐन २०४९' को दफा १२ र १६ मा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ ।

- नेपाल राज्यभित्र काम गर्न चाहने विदेशी गैरसरकारी संघ संस्थाहरूले काम गर्नुअघि काम गर्ने अनुमति लिनका लागि परिषद्मा निवेदन दिनुपर्ने ।
- परिषद्ले बढीमा तीन महिनाभित्र निर्णय गरी अनुमति दिन सक्ने व्यवस्था छ ।
- अनुमति प्राप्त गरेका विदेशी गैरसरकारी संस्थाले नेपालभित्र काम गर्नुअघि परिषद्सँग सम्झौता गर्नुपर्ने व्यवस्था छ ।
- कुनैपनि सामाजिक संघसंस्थाले नेपाल सरकार वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा नियोग वा व्यक्तिबाट प्राप्त हुने कुनैपनि सहयोग प्राप्त गर्दा परिषद्को स्वीकृति लिनुपर्ने छ ।

परिच्छेद दुई

परिषद्द्वारा आ.व २०८२/०८३ मा सम्पादन भएका मुख्य उपलब्धिहरू :

यस आ.व. २०८२।०८३ को वार्षिक लक्ष्य तथा प्रगति विवरण समग्र परिषद्बाट सम्पादित भएका कार्य तथा प्रगति देहाय बमोजिम उल्लेख गरिएको छ :

क) सामान्य प्रशासन विभाग

आर्थिक वर्ष ०८२।०८३ मा यस विभागबाट भए गरिएका मुख्य-मुख्य कार्य प्रगति विवरण तपसिल बमोजिम रहेका छन् :

१ परिषद्बाट हुने सेवा प्रवाहलाई समय सापेक्ष, प्रविधिमैत्री र छिटोछरितो गर्ने प्रयोजनार्थ डिजिटल सेवा प्रदान गर्न प्रकृया अगाडी बढाईएको ।

२ परिषद् बोर्ड र कार्य सन्चालन समितिबाट भएका निर्णयहरु कार्यान्वयन गरिएको ।

३ गैर-नाफामूलक संस्था (सामाजिक संघ संस्था) हरुका लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०८२ जारी गरिएको ।

४ परिषद्मा २५ वर्षे दीर्घ सेवा गरेका विभिन्न तह श्रेणीका १४ जना कर्मचारीहरुलाई दोसल्ला र सम्मान पत्र प्रदान गरिएको ।

५ परिषदमा कार्यान्वयनमा रहेका विभिन्न ५ वटा निर्देशिकाहरुको समसामयिक सशोधन गरिएको ।

६ भृकुटीमण्डप स्थित वक्यौता नबुझाउने विभिन्न संघसस्थाहरुलाई वक्यौता रकम वुझाउन गोरखापत्र दैनिकमा सार्वजिनिक सूचना प्रकाशन गरिएको ।

७ परिषद्बाट हुने विभिन्न परियोजनाहरुको मूल्यांकनका लागि विज्ञहरुबाट आशयपत्र माग गरी सार्वजनिक सूचना प्रकाशन गरिएको ।

८ परिषद्को अवकाश कोष स्थापनाका लागि कर्मचारी सञ्चय कोषसँग सम्झौता गरिएको ।

९ परिषद् मातहतको राष्ट्रिय अपाङ्ग कोष र सामाजिक उद्यमशीलता कोषको रिक्त

सभापति पदमा मनोनयन गरिएको ।

१० परिषद्मा AML CFT सम्बन्धी एकाइ गठन गरिएको ।

११ भृकुटीमण्डप स्थित संरचनाहरु संचालन गरी भाडा नबुझाउनेहरुको स्टल/संरचनाहरुमा तालावन्दी पछि भाडा असुलीका लागि कानूनी लगायत आगामी प्रक्रिया सम्बन्धमा सूझावका लागि समिति गठन भई प्रतिवेदन पेश भएको ।

समन्वय शाखा अन्तर्गत :

आ.व. २०८२।०८३ मा परिषद्को समन्वय शाखाबाट संस्था दर्ता तथा नविकरण सम्बन्धी गरिएका कार्यहरूको विवरण :

क्र.सं.	शीर्षक	वार्षिक लक्ष्य	वार्षिक प्रगति
१	संघ संस्था आवद्धता	माग भएअनुसार नियमित	९६४
२	संघ संस्था नविकरण	माग भएअनुसार नियमित	२५२८
३	आवद्धता प्रमाणपत्र प्रतिलिपी प्रदान	माग भएअनुसार नियमित	११३
४	संस्थाको नाम संशोधन	माग भएअनुसार नियमित	२५
५	आ.व. सम्म जम्मा आवद्धता संस्थाहरुको कुल संख्या	५९,३१६ वटा संस्था आवद्ध भएका ।	

ख) योजना तथा कार्यक्रम विभाग :

ऐनले दिएको अधिकार क्षेत्रमा रही योजना तथा कार्यक्रम विभागले अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको साधारण सम्झौता र नवीकरण, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको परियोजना सम्झौता र संशोधन, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सेवा सहमती सिफारिस, राष्ट्रिय गैर सरकारी संस्थाको परियोजना स्वीकृति, अनुमोदन तथा संशोधन र कोषहरूको सञ्चालनको कार्य गर्दै आइरहेको छ। यी कार्यहरू समाज कल्याण ऐन, २०४९ को मूलतः दफा ९, १२ र १६ बमोजिम रही गरिन्छ ।

अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तर्फ वार्षिक प्रगति विवरण :

समाज कल्याण परिषद्को योजना तथा कार्यक्रम विभाग अर्न्तगत् अन्तर्राष्ट्रिय शाखा रहेको जहाँबाट परियोजना एप्राईजल, सेवा तथा सम्झौता सम्बन्धि कार्यहरु हुने गर्दछ। समाज कल्याण ऐन, २०४९ को दफा १२ र १६ बमोजिम परिषद् र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाद्धारा गरिने साधारण सम्झौता र परियोजना सम्झौता सम्बन्धी प्रक्रियागत कार्यहरु, नेपाल सरकारको राय सहमतीमा परिषद् र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था बीच सम्झौता गर्ने कार्यमा सहयोग, सम्झौतामा भएका प्रावधान अनुरुप विदेशी प्रतिनिधि विज्ञ र तिनका परिवारलाई नियमानुसारको श्रम स्वीकृती, कार्य सहमती र प्रवेशाज्ञाको लागि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा सिफारिस गर्ने, परियोजना अन्तर्गत आयात गर्ने सामान/बस्तु/सामग्रीहरुको भन्सार महशुल छुट एवं मूल्य अभिवृद्धि कर छुटको लागि सम्बद्ध निकायमा सिफारिस लगायतका कार्यहरु हुने गर्दछ ।

आ.व.२०८२/०८३ मा अन्तर्राष्ट्रिय शाखाबाट सम्पन्न भएका साधारण सम्झौता, साधारण सम्झौता नविकरण, परियोजना सम्झौता, परियोजना सम्झौता संशोधन, गैरपर्यटकीय प्रवेशाज्ञा सिफारिस, परियोजनामा आवद्ध विदेशी प्रतिनिधी विज्ञहरुको श्रम स्वीकृति, कार्य अनुमति, सवारी साधन लिलाम विक्री, नामसारी, भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर छुट सिफारिस लगायतका कार्यहरुको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

१. साधारण सम्झौता तर्फ (General Agreement) :

क्र.सं	कार्यको विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	कैफियत
१	नयाँ साधारण सम्झौता	५ वटा	नभएको	० %	२ वटा नयाँ अगैससको साधारण सम्झौताको प्रक्रियामा रहेको
२	साधारण सम्झौता नविकरण	२५ वटा	३५ वटा	१४० %	
	जम्मा	३० वटा	३५	१००%	

२. साधारण सम्झौता नविकरणका सम्वन्धमा नेपाल सरकारको राय सहमती माग गरिएको विवरणः

क्र.सं.	संस्थाको नाम	विषय	मन्त्रालय पठाइएको मिति
१.	Population Services International (PSI)	साधारण सम्झौता नवीकरण	२०८३/३/३
२.	Child Aid Network Foundation	साधारण सम्झौता नवीकरण	२०८३/३/३
३.	KTK-BELT INC, USA	साधारण सम्झौता नवीकरण	२०८३/३/२
४.	Taiwan Fund for Children	साधारण सम्झौता (नयाँ)	२०८३।३।११
५.	BBC Media Action, United Kingdom	साधारण सम्झौता नवीकरण	२०८३।३।१०
६.	Foundation For International Development/Relief (FIDR), Japan	साधारण सम्झौता नवीकरण	२०८३/३/४

३. परियोजना सम्झौता तर्फ (Project Agreement) :

क्र.सं.	कार्यको विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	कार्यक्षेत्र
१.	परियोजना सम्झौता सम्पन्न भएको	४० वटा	६१ वटा परियोजना (कुल सम्झौता रकम रु. ३१ अर्ब ६८ करोड १९ लाख ९८ हजार २ सय ५ रुपैंया रहेको)	१५२ %	कृषि, लैंगिक समानता, स्वास्थ्य, शिक्षा, बालबालिका, महिला, वातावरण तथा जलवायु परिवर्तन, अपाङ्गता, प्राकृतिक प्रकोप, सरसफाई, सामुदायिक विकास लगायत

४. परियोजना सम्झौता संशोधन (Project Amendment):

क.सं.	कार्यको विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	कैफियत
१	परियोजना सम्झौतामा संशोधन भएको	१५ वटा	७ वटा (संशोधन भई थप भएको रकम रु. १ अर्ब ४५ करोड २७ लाख ७१ हजार ३ सय ७१ रुपैयाँ)	४७ %	१,४५,२७,७१,३७१

५. साधारण सम्झौता भंग (Termination) :

क.सं.	कार्यको विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	कैफियत
१	साधारण सम्झौता भंग	लक्ष्य किटान नभएको	३ वटा		यस आ.व.मा १० वटा र विगतको १४ वटा गरी जम्मा २४ वटा संस्थाको साधारण सम्झौता भंगको प्रक्रियामा रहेको ।

६) कार्य सहमति, श्रम स्वीकृति एवं गैह्रपर्यटकीय प्रवेशाज्ञा सिफारिस

क.सं.	कार्यको विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	कैफियत
१	संस्थामा आउने देशिय प्रतिनिधि तथा विशेषज्ञको प्रवेशाज्ञा सिफारिस । (नयाँ)	१६	१४	८७.५%	निजका ५ (पाँच) जना परिवारलाई गैह्रपर्यटकीय प्रवेशाज्ञा मात्र सिफारिस गरिएको ।
	संस्थामा आउने देशिय प्रतिनिध तथा विशेषज्ञको प्रवेशाज्ञा सिफारिस । (नविकरण)	४८	३४	७०.८३%	निजका ३७ (सैतीस) जना परिवारलाई गैह्रपर्यटकीय प्रवेशाज्ञा मात्र सिफारिस गरिएको ।

७) आयात इजाजत तथा भन्सार महशुल छुटका लागि गरिएको सिफारिसको विवरण :

क.सं.	कार्यको विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	संस्थाहरुले अनुदानमा प्राप्त गर्ने सामाग्रीहरुको आयात इजाजतको सिफारिस	२४	१०	४१.६६%

अन्य :

क.सं.	कार्यको विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	सवारी साधन लिलाम बिक्रि तथा स्क्रयापको लागि स्वीकृति	२५	३३	१३२%
२	संस्थाहरुले खरिद वा प्राप्त गरेका सवारी साधन तथा अन्य जिन्सी सामानहरु कुनै सरकारी वा साझेदार संस्थालाई हस्तान्तरणको लागि स्वीकृति दिईएको ।	२०	६	३०%

२) गैर सरकारी संस्थाको परियोजना स्वीकृती सम्बन्धी विवरण

समाज कल्याण परिषद्को योजना तथा कार्यक्रम विभाग अर्न्तगत् योजना शाखाले परियोजना एप्राईजल, परियोजना स्वीकृति, अनुमोदन र संशोधन सम्बन्धि कार्यहरु गर्ने गर्दछ। आ.ब २०८२।०८३ को संक्षिप्त विवरणलाई निन्न तालिकामा उल्लेख गरिएको छ ।

क.सं	कियाकलाप	वार्षिक लक्ष्य	प्रगति	प्रगति प्रतिशत	कैफियत
१	कार्यक्रम स्वीकृति तर्फ	करिब २३०० वटा संस्था द्वारा सञ्चालन हुने करिब २७०० वटा परियोजना रकार्यक्रमकोआन्तरिक र वैदेशिक सहयोग गरी जम्मा रकम रु ४३ अर्ब अनुमानित बजेट रकम स्वीकृत गर्ने लक्ष्य रहेको छ ।	२३२४ संस्थाबाट २५५३ वटा कार्यक्रमको कुल बजेट रु.**४२,८८,५७,४९,२३६.७३-** (अक्षरेपी बयालिस अर्ब अठासी करोड सन्तावन्न लाख उनन्पचास हजार दुई सय छत्तिस रुपैयाँ त्रिहत्तर पैसा मात्र) रकम बराबरको परियोजना स्वीकृत भएको छ ।	संस्थागत: १०१.०४% परियोजना गत : ९४.५५% बजेटको आधारमा: ९९.७३%	

२	खर्च रकम अनुमोदन तर्फ	यस कार्यलाई निरुत्साहित गर्दै जाने उद्देश्यले लक्ष्य किटान नभएको ।	कुल १४४ वटा कार्यक्रमको कुल बजेट रु. **४,३८,५७,५२,६८१.९९** (अक्षरेपी चार अर्ब अठतिस करोड सन्तावन्न लाख बाउन्न हजार छ सय एकासी रुपैंया उनान्सय पैसा) रकम बराबरको परियोजना अनुमोदनको प्रकृया कारवाहीमा राखिएको ।	--	
३	परियोजनाको समयावधि थप तथा क्रियाकलाप संशोधन	लक्ष्य यकिन नभएको ।	८५ वटा संस्था बाट पेश भएका परियोजनाको समयावधि थप भएको छ भने ५ परियोजनाको क्रियाकलाप तथा परियोजना स्थल संशोधन भएको छ । त्यसैगरी १२ वटा परियोजनाहरुको दातृ संस्थाको नाम संशोधन गर्न माग भई आए अनुसार आवश्यक संशोधन गरिएको ।	--	--
४	संस्था नविकरण सिफारिस ।	लक्ष्य यकिन नभएको ।	५५३ संस्थाको सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा संस्था नविकरण सिफारिस गरिएको ।	--	आवश्यक कागजात सहित निवेदन गरेका गैर सरकारी संस्थाहरुलाई सम्बन्धित जिल्ला प्रशासन कार्यलयमा संस्था नविकरणको लागि सिफारिस गरिएको ।

उल्लेखित तालिकामा प्रस्तुत गरिए अनुसार विभिन्न राष्ट्रिय गैर सरकारी संस्थाद्वारा प्रस्तावित २५५३ वटा परियोजना मार्फत करिब रु.**४२,८८,५७,४९,२३६.७३।-** अक्षरेपि ४२ अर्ब ८८ करोड ५७ लाख ४९ हजार २ सय ३६ रुपैयाँ ७३ पैसा बराबरको परियोजना स्वीकृत भएको छ । परियोजनाको मुख्य विषयगत क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा, जीविकोपार्जन, पुर्वाधार विकास,

वन, वातावरण तथा जलवायु परिवर्तन, मानव अधिकार, संरक्षण र प्रवद्धन, सामाजिक न्याय तथा प्रवद्धन रहेका छन् । समुदायगत प्राथमिकता महिला, बालबालिका, सिमान्तकृत, विपन्न, लैङ्गिगक तथा यौनिक अल्पसंख्यकहरु रहेको छन् । यि परियोजनाहरु अवधि अधिकतम ५ वर्षको हुनेछन् ।

त्यस्तैगरी एक द्धार नीतिको परिपालना अनुरुप विभिन्न राष्ट्रिय गैर सरकारी संस्थाद्वारा परिषद्को पूर्व स्वीकृति विना वैदेशिक सहयोग रकम खर्च गरि अनुमोदनमा आएका १४४ वटा परियोजनामार्फत कुल **४,३८,५७,५२,६८१.९९** (अक्षरेपी ४ अर्ब ३८ करोड ५७ लाख ५२ हजार ६ सय ८१ रुपैंया ९९ पैसा) बरावरको रकम एक पटकको लागि अनुमोदनको प्रक्रियामा राखिएको छ । अव उप्रान्त परिषद्को स्वीकृति विना वैदेशिक सहयोग रकम खर्च नगर्न सम्बन्धित संस्थाहरुलाई सचेत समेत गराईएको छ ।

ग) अनुगमन एवं मुल्याङ्कन विभाग :

यस विभाग मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.को परियोजनाको अनुगमन तथा मुल्याङ्कन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.को प्रगति विवरण अद्यावधिक तथा विश्लेषण, केन्द्रीयस्तरमा परियोजना समिक्षाको लागि सल्लाहाकार समितिको बैठक आयोजना, संचना, संचार तथा प्रकाशन, परिषद र संघसंस्थाहरुको बार्षिक प्रतिवेदन तयारी र समीक्षा वैठकमा प्रस्तुतीकरण लगायतका कार्यहरु हुने गर्दछन् । परिषद्बाट स्वीकृत लिएका, अनुमोदन प्रक्रियामा राखिएका र सम्झौता गरी संचालन गरिएका परियोजनाहरुको समाज कल्याण ऐनको दफा ९ सहित समाज कल्याण नियमावली र निर्देशिका बमोजिम संस्थागत अद्यावधिक विवरण सहित परियोजनाको कार्यक्रमगत र आर्थिक विषयमा अनुगमन, सपरिवेक्षण तथा मूल्यांकनको कार्य गरिने गर्दछ । आ.ब २०८२।०८३ मा गै.स.स. तर्फ ५९९ परियोजनाहरुको मूल्यांकनका लागि ३७० वटा बाह्य मूल्याङ्कन टोली र २७९ वटा परियोजनाको टेबल मूल्याङ्कन टोली गरी जम्मा ६४९ टोली गठन भएको र मूल्यांकन टोलीबाट ८७८ वटा परियोजनाहरु मूल्यांकन भई ८६१ वटा मूल्यांकन प्रतिवेदन प्राप्त भएको छ । त्यस्तै अ.गै.स.स. तर्फ ८० वटा टोली गठन भई ६३ वटा अन्तिम मूल्यांकन प्रतिवेदन प्राप्त भएको छ । मूल्यांकन प्रतिवेदनमा संस्थाको अद्यावधिक विवरण, खर्च गरेको क्षेत्र, क्रियाकपालगत रुपमा भएका प्रगति प्रशासनिक तथा कार्यक्रम खर्चको अनुपात, लाभग्राहीको संख्या, परियोजनाबाट राज्यलाई तिरेको कर राजस्व सहित समग्र परियोजनाको सवल तथा दूर्वल पक्षको विश्लेषण सहितको सुधारका लागि सिफारिसहरु रहेको छन् । यस विभाग अर्न्तगतको प्रगति विवरणलाई निम्न तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तर्फको प्रगति विवरण

क्र.स.	क्रियाकलाप	बार्षिक लक्ष्य	बार्षिक प्रगति	प्रगति प्रतिशत	कैफियत
१	अ. गै.स.स. मूल्याङ्कनको लागि टोली गठन गर्ने	६५ वटा	८० वटा	१२३ %	परियोजना मूल्याङ्कनको लागि टोली गठन भएको
२	अ. गै.स.स. का परियोजनाको केन्द्रीय परियोजना सल्लाहकार समितिको बैठक आयोजना गर्ने (CPAC Meeting)	८० वटा	१९ वटा	२३.७५	परियोजनाहरुको केन्द्रीय परियोजना सल्लाहकार समितिको बैठक बैठक सम्पन्न भएको
३	परिषद्को बार्षिक प्रगति प्रतिवेदन प्रकाशन	१ पटक	१ पटक	१०० %	सामाजिक सेवा दिवसको अवसरमा परिषदको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन भएको । प्रतिवेदन नेपाल सरकार लगाएतका निकायहरुमा उपलब्ध गराएको ।
४	अ.गै.स.स. मूल्याङ्कन टोलीको प्रारम्भिक बैठक	६५	८१ वटा	१२४ %	गत आ.ब. मा निर्णय भएका परियोजनाको समेत यस आ.ब. मा प्रारम्भिक बैठक भएको
५	अ.गै.स.स. मूल्याङ्कन टोलीबाट प्राप्त मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण	६५	८३ वटा	१२७ %	गत आ.ब. मा निर्णय भएका परियोजनाको समेत यस आ.ब. मा प्रस्तुतीकरण बैठक भएको
६	अ.गै.स.स. मूल्याङ्कन टोलीबाट अन्तिम प्रतिवेदन प्राप्त संख्या	६५	६३ वटा	९६.९२%	यस आ.व.मा ८० वटा परियोजनाको मूल्याङ्कन टोली गठन भएकोमा ६३ वटा परियोजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको ।
७	अ.गै.स.स. मूल्याङ्कन टोलीका लागी सम्बन्धित मन्त्रालय/विभागबाट प्रतिनिधि माग गर्ने	६५	८०	१२३ %	निर्णय भएका सबै परियोजनामा सम्वन्धित मन्त्रालय विभागको प्रतिनिधि अनिवार्य हुने भएकोले

८	अ.गै.स.स. को परियोजना मूल्याङ्कन प्रतिवेदनले दिएका सुझावहरुको कार्यान्वयन गर्न अ.गै.स.स. हरुलाई Action Plan पेश गर्न लगाउने	६५	८०	१२३ %	अ.गै.स.स.वाट संचालित परियोजनाको मूल्याङ्कनका क्रममा मूल्याङ्कन टोलीले दिइएका सुझावहरुको कार्यान्वयन गर्न कार्ययोजना पेश गर्न पत्रचार गरिएको । प्राप्त कार्य योजनाहरु सम्बन्धीत विभागमा पठाई कार्यान्वयन गराइएको ।
९	विज्ञहरुको रोष्टर अद्यावधिक गर्न सार्वजनिक सूचना आव्हान गर्ने	२ पटक	२ पटक	१०० %	२ पटक सूचना जारी गरी विज्ञको रोष्टर अध्यावधिक गरिएको
१०	अ.गै.स.स. वाट संचालित परियोजनाको वार्षिक प्रगति प्रतिवेदन को संख्या				अ.गै.स.स. वाट संचालित परियोजनाको खर्च विवरण तथा कार्य प्रगति विवरण गरी १५४ वटा प्राप्त भएको छ ।
११	अ.गै.स.स. वाट संचालित परियोजनाको वार्षिक लेखापरीक्षण प्रतिवेदनको संख्या				अ.गै.स.स. वाट संचालित परियोजनाको खर्च विवरण तथा लेखापरीक्षण ७८ वटा प्राप्त भएको

गैर सरकारी संस्था तर्फको प्रगति विवरण :

प्रस्तुत विषयमा आ.व २०८२।८३ को यस शाखाको वार्षिक लक्ष्य तथा प्रगतिको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

क्र.स	कृयाकलाप	वार्षिक लक्ष्य	वार्षिक प्रगति	प्रगति प्रतिशत	कैफियत
१	परियोजनाहरुको मूल्याङ्कनको संख्या	८००	५९९	७४.८७ प्रतिशत	३७० वटा बाह्य मूल्याङ्कन टोली मार्फत
२	परियोजनाको टेबल मूल्याङ्कन	७००	२७९	३९.८५ प्रतिशत	टोली गठन गरिएको

३	प्राप्त भएको अन्तिम मूल्याङ्कन प्रतिवेदन	किटान नभएको	४१५	-	बाह्य मूल्याङ्कन टोली मार्फत (६७९ वटा परियोजना) गत आ.व को समेत यस आ.व.मा प्रतिवेदन प्राप्त भएको
४	परियोजनाको टेवल मूल्याङ्कन गरी प्राप्त प्रतिवेदन	किटान नभएको	४४६		गत आ.व को समेत यस आ.व.मा प्रतिवेदन प्राप्त भएको
५	संस्थाबाट प्राप्त Action Plan		१७१		मुल्याङ्कन प्रतिवेदनको सुझाव कायन्वयनको अवस्था
६	चौमासिक प्रगति प्रगति प्रतिवेदन प्राप्त		२३५		प्रगति अनुगमन

१) परियोजना मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त मुख्य तथ्याङ्क :

कुल ८०० परियोजना मुल्याङ्नको लक्ष्य मध्ये ३७० मूल्याङ्कन टोली मार्फत ५९९ वटा परियोजनाको मूल्याङ्कन गरिएको छ। यो वार्षिक लक्ष्यको तुलनामा ७४.८७ % प्रगति हो। प्राप्त प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यन्वयको लागि संस्थालाई कार्ययोजना सहित पेश गर्न सबै संघ संस्थालाई पत्राचार गरिएको छ।

परियोजनामा प्रशासनिक र कार्यक्रम खर्चको अनुपात : परिषद्को नीति अनुसार गैर सरकारी संस्थाहरुले संचानल गर्ने परियोजना अन्तरगत अधिकतम २० प्रतिशत सम्म प्रशासनिक खर्च गर्न सक्ने प्रावधान रहेको छ। यस आ.व मा प्राप्त ४१६ वटा मूल्यांकन प्रतिवेदनका अनुसार कुल रु.२० अर्व ५६ करोड रकम प्राप्त भएको र प्राप्त रकम मध्ये कुल रु २१ अर्व ४ करोड बराबरको रकम खर्च भएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनका अनुसार कुल खर्च मध्ये २ अर्व १७ करोड ४ लाख १७ हजार प्रशासनिक खर्च र १८ अर्व ८७ करोड ५ लाख ४५ हजार रकम कार्यक्रम अन्तरगत खर्च भएको छ। औषतमा प्रशासनिक तर्फ ११.५० प्रतिशत र कार्यक्रम तर्फ ८८.५ प्रतिशत रकम खर्च भएको प्राप्त प्रतिवेदनमा देखिन्छ।

परियोजनाको विषयगत क्षेत्र तथा लाभान्वित वर्ग : बाह्य मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त जानकारी अनुसार परियोजनाहरु विभिन्न विषयगत क्षेत्रहरु शिक्षा, स्वास्थ्य, सञ्चार, पुर्वाधार निर्माण, खानेपानी, सरसफाई तथा स्वच्छता, कृषि, जलवायु परिवर्तन, वातावरण स्वच्छता, प्रकोप तथा विपद पुर्वतयारी, राहत वितरण, महिला सशक्तिकरण, सिप विकास, आयआर्जन, पशु अधिकार तथा पशु स्वास्थ्य, बालअधिकार, बालसंरक्षण तथा बालविकास, ज्येष्ठ नागरिक, अपाङ्गता, मानव अधिकार, आदिवासी जनजाती, सामाजिक न्याय तथा द्धन्द्ध निरुपण, खोज तथा अनुसन्धान लगाएतका विभिन्न क्षेत्रहरुमा कुल २० अर्व ५६ करोड बराबरको रकम खर्च भएको छ यस बाट ठुलो संख्यामा सिमान्तकृत वर्गको, समुदाय, क्षेत्र लाभान्वित भएको छ। परियोजनाबाट ठुलो संख्यामा रोजगारीमा संलग्न हुने आवसर प्राप्त भएको छ।

खर्च रकमबाट राज्यलाई प्राप्त हुने राजश्व : कुल प्राप्त ४१६ प्रतिवेदन मध्ये ३२१ वटा प्राप्त प्रतिवेदनमा जनाइए अनुसार विभिन्न श्रोतमा कर कट्टा गरी नेपाल सरकारलाई कुल रु ३९ करोड ६६ लाख २४ हजार ३ सय ३३ रुपैया ०९ पैसा बराबरको राजश्व प्राप्त भएको छ यो रकम ३२१ वटा प्रतिवेदनमा उल्लेख भएको तथ्याङ्कका आधारमा लिईएको हो । यसरी नेपाल सरकारलाई विभिन्न शीर्षक अन्तरगत जाने राजश्व संघ संस्थामार्फत हुने कुल खर्चको औषतमा १.८९ प्रतिशत रहेको रहेको देखिन्छ। त्यसैगरी अन्तर्राष्ट्रिय गैह्व सरकारी संस्थातर्फ विभिन्न श्रोतमा कर कट्टा गरी नेपाल सरकारलाई कुल रु. ७२ करोड १२ लाख ७६ हजार ३०८ बराबरको राजश्व प्राप्त भएको छ। यसरी हेर्दा संघसंस्थाबाट संचालन भएको विभिन्न कार्यक्रम संचालनबाट नेपाल सरकारलाई राजश्वमा विशेष योगदान गरेको छ।

२) परियोजनाको टेवल मूल्याङ्कन तर्फ :

रु. ६० लाख सम्म परियोजनाको बजेट भएका परियोजनाको टेवल मूल्याङ्कन गर्ने गरिएको छ। संस्थाबाट कागजात, विवरण तथा जानकारी लिई द्वितिय तथ्याङ्क अध्ययनको आधारमा टेवल मूल्याङ्कन गर्ने गरिएको छ। यस आ.व मा कुल २७९ वटा टेवल परियोजनको टेवल मूल्याङ्कनको लागि टोली गठन गरिएको छ। यस आ.व मा कुल ४४६ वटा टेलव मुल्याङ्न प्रतिवेदन प्राप्त भएको छ। प्राप्त प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यन्वयको लागि कार्ययोजना पेश गर्न सबै संघ संस्थालाई पत्राचार मार्फत जानकारी गराईएको छ।

३) मुल्यङ्कन प्रतिवेदनको गुणस्तर र AML/CFT लाई प्राथमिकता :

मूल्याङ्कन कार्य तथा प्रतिवेदनलाई गुणस्तरिय र सबै जानकरी समेट्ने व्यवस्थाका लागि नियमित रुपमा अनुगमन विभागवाट मूल्याङ्कन टोलीलाई समग्र मूल्याङ्कन प्रकृया, मुल्याङ् नको क्रममा हेर्नु पर्ने विषय, प्रतिवेदनका मुख्य मुख्य विषय, टोली र संस्थाहरुले पालना गर्नु

पर्ने आचार संहिता (Code of Conduct), सम्पत्ति सुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण संग जोडिएका विषय लगाएतका बारेमा विभिन्न **२७ वटा अनुशिक्षण कार्यक्रम** सम्पन्न गरिएको । प्रत्येक मुल्याङ्कन टोलीमा कार्यक्रम विज्ञ र ५ करोड माथिको परियोजनामा आर्थिक विज्ञ सहितको टोली रहने व्यवस्था गरिएको छ । मूल्याङ्कन गर्दा संस्थागत, परियोजनागत र आर्थिक पक्षको पारदर्शिता, कानूनी परिपालना लगाएतलाई हेर्ने गरिएको छ । टोलीबाट प्राप्त मस्यौदा प्रतिबेदनमा अनुगमन मूल्याङ्कन विभाग तथा शाखामा प्रस्तुतिकरण गरि प्रतिवेदन परिस्कृत गर्न सुझाव प्रदान गर्ने र सुझाव समेटिएको प्रतिवेदन मात्र ग्रहण गर्ने गरिको छ ।

४) AML/CFT सम्बन्धीको निर्देशिकाको स्वीकृत भई कार्यन्वयमा ल्याइएको :

गैरनाफामूलक संस्थाहरुका लागि सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तिय लगानी निवारण सम्वन्धी निर्देशिका २०८२ को स्वीकृत भई कार्यन्वयमा ल्याइएको छ ।

५) ४६ औं सामाजिक सेवा दिवको आयोजना गरी सामाजिक कार्यका लेख रचना सहितको वार्षिक प्रगति प्रकाशन गरिएको ।

६) समन्वय : स्थानीय सरकारको आवश्यकता र प्राथमिकता सहित सिफारिस पुर्ण रुपमा लिने गरिएको । आवधिक समिक्षा, समाजिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई, स्थानीय सरकारको कार्ययोजनामा समावेश गर्ने कार्यलाई समन्वयको सूचकको रुपमा लिइएको छ ।

घ) आर्थिक प्रशासन विभाग :

आय तर्फ :

क.स.	कार्यक्रम तथा बजेट विवरण	वार्षिक लक्ष रु.	प्रगति रु.	वार्षिक प्रगति
१	नेपाल सरकारको अनुदान	२,०००,०००।००	०	०
२	परिषदको आन्तरीक आम्दानी	१८७,०००,०००।००	१८६,१३१,०००।००	९९।५४
२.१	नियमन शूल्क भार १५ प्रतिशत (सहजीकरण)	१८,०००,०००।००	२१,७४४,०००।००	१२०।८०
२.२	केन्द्रीयस्तर खातातर्फको आय	१३,७००,०००।००	१३,२५८,०००।००	९६।७७
२.३	भृकुटिमण्डप आम्दानी	१३२,९००,०००।००	१३५,२४९,०००।००	१०१।७७

२.४	इच्छुमति तरकारी बजार आम्दानी	१७,४००,०००।००	१५,८८०,०००।००	९१।२६
३	अन्य खाताबाट प्राप्त हुने अवकास कोष)	५,०००,०००।००		०
४	भृकुटिमण्डप बक्यौता असूली	१,०००,०००।००	४,१७५,०००।००	४१७।५०
५	साझा कोष/बाअमू (बैंक व्याज)	३२,०००,०००।००	२९,५००,०००।००	९२।१९
६	गत आ.व.को संचित रकम		०	
परिषद् कार्यसंचालनतर्फ जम्मा रु.		२२२,०००,०००।००	२१५,६३१,०००।००	९७।१३
८	उपकारकोष (ब्याज आम्दानी)	१३,०००,०००।००	९,५७५,०००।००	७३।६५
	परिषद् तर्फको	२३५,०००,०००।००	२२५,२०६,०००।००	९५।८३
९	बाह्य अनुगमन मूल्यांकन तथा साझाकोष	९१,२००,०००।००	२०६,४६५,०००।००	२२६।३९
	जम्मा रू.	३२६,२००,०००।००	४३१,६७१,०००।००	१३२।३३

ब्यय तर्फ :

क्र.सं.	**कृयाकलाप**	**वार्षिक लक्ष रु.**	**प्रगति रु.**	**वार्षिक प्रगति**
१	कुल प्रशासनिक खर्च	१६६,४००,०००।००	१३,०२,४८,२१८।००	७८।२७
२	कार्यक्रम खर्च	५५,६००,०००।००	१,१०,७,५६९६।००	१९।९२
	जम्मा	२२२,०००,०००।००		६३।६६
३	उपकार कोष	१३,०००,०००।००	१४,१३,२३,९१४।००	०
	कूल खर्च	२३५,०००,०००।००		६०।१४
४	बाह्य अनुगमन मूल्यांकन तथा साझाकोष	९१,२००,०००।००	०	१४५।२७
५	जम्मा रू	३२६,२००,०००।००	१४,१३,२३,९१४।००	८३।९४
	बाह्य अनुगमन मूल्यांकन आम्दानी	१३७,८०५,०००।००	१३२,४८७,५००।००	
	बाह्य अनुगमन मूल्यांकन खर्च	८८,०७५,०००।००	२७,३,८११,४१४।००	
	साझा कोष आम्दानी	६८,६६०,०००।००		

	साझा कोष खर्च	४४,४१२,५००।००		
	बेरुजु प्रगति			
१	२०८१।८२ को मलेप प्रतिवेदनको बूदा नं २६.३ अनुसार फन पार्कको बैक ग्यारेन्टी रू. ६० लाख राखेको ।			
२	भृकुटीमण्डपबाट बक्यौता असूली भएको रू. ४७,३५,७५४।			
३	पूर्व आर्थिक विज्ञबाट असूल गर्नुपर्ने बेरूजु नगद दाखिला भएको	७,४९,२८४।००		
४	कूल बेरूजु फछ्र्यौट रकम रू.	१,४४,८६,०३८।००		

ङ) भृकुटीमण्डप व्यवस्थापन विभाग :

क) प्रशासनिक कार्यको प्रगति विवरण :

१. मिति २०८२ साउन देखि २०८३ असार मसान्तसम्मको भृकुटीमण्डप व्यवस्थापन विभाग मातहतमा रहेको प्रदर्शनी स्थलहरुको बुकिङ्ग विवरण :

प्रदर्शनी हल बुकिङ्ग	ठुलो चउर बुकिङ्ग	बगैंचा बुकिङ्ग	मूल गेट छेउको चउर बुकिङ्ग	हल पछाडिको चउर बुकिङ्ग	रिपोर्टर्स क्लब संगैको चउर बुकिङ्ग
९३ दिन	१८५ दिन	३३ दिन	२७० दिन	२५ दिन	१९ दिन

२. समाज कल्याण परिषद् अन्तर्गतको भृकुटीमण्डपस्थित पक्की स्टल, बुथ, भवन लगायतको संरचना एवं जग्गा जमिन भाडामा व्यवसाय एवं कार्यालय संचालन गरिरहेका विभिन्न व्यक्ति, संघसंस्था र पाटीहरुले परिषद्लाई बुझाउनु पर्ने भाडा रकम नबुझाई विगत लामो समयदेखि बक्यौता रहेकोले बक्यौता पटक-पटक पत्राचार, मौखिक निर्देशन एवं विभिन्न मितिमा गोरखापत्र दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत अटेरगरी बक्यौता नबुझाएको हुँदा भृकुटीमण्डप भित्रका स्टल, बुथ भवन प्रयोग गरिरहेका २० वटा स्टलमा मिति २०८२।१२।३० गते सुरक्षाकर्मी, कर्मचारी, पत्रकार लगायतको उपस्थितिमा तालाबन्दी गरिएको । तालाबन्द पश्चात् मिति २०८३।०१।०१ गते र मिति २०८३।०१।०९ गते २ पटक ७ (सात) दिनभित्र बक्यौता बुझाउन आउने सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएकोमा हालसम्म करिब ४७ लाख बक्यौता रकम दाखिला

भई आम्दानी बाँधिएको छ ।

३. बक्यौता रहेकाहरुलाई परिषद्ले बक्यौता बुझाउन दिएको पछिल्लो ७ दिने सूचनाको म्याद समाप्त भएपछि तत्काल अवलम्बन गर्नुपर्ने कानूनी लगायत बक्यौता असूली एवं आगामी प्रक्रियाका विषयमा प्रतिवेदन पेश गर्न परिषद् कार्यालयको मिति २०८३।०१।११ को निर्णयानुसार एक समिति गठन भई उक्त समितिले प्रतिवेदन पनि सदस्य सचिव समक्ष पेश भएको छ ।

४. भृकुटीमण्डप क्षेत्र भित्र रातको समयमा हुन सक्ने गलत आचरणका तथा कुलत प्रभावित व्यक्तिहरुको गलत क्रियाकलापलाई नियन्त्रण राति वल्ने र दिउसो निभ्ने स्वचालित १६ वटा वत्तिहरु विभिन्न स्थानमा जडान गरिएको छ ।

५. भृकुटीमण्डपस्थित प्रदर्शनी हलको सिलिङ्ग बेला-बेलामा झर्ने गरेकोले प्रदर्शनी संचालन भईरहेको जुनसुकै समयमा प्रदर्शक एवं दर्शकहरुलाई चोटपटक लाग्न सक्ने देखिएकोले २०८२ श्रावण १३ देखि १५ सम्म प्रदर्शनी मेला गरेको मिडिया स्पेस सोलुसन्स प्रा.लि. ले यस विभागसँग समन्वय गरी आफ्नै लागतमा सिलिङ्गको मर्मत कार्य गरेको ।

६. भृकुटीमण्डप व्यवस्थापन क्षेत्रको ठूलो चौरको पश्चिम पट्टीको नाला, ढल वर्षातको समयमा जाम भई कार्यालय परिसरमा पानी जम्ने, स्टल, पसलमा डुबान हुने गरेकोले ढलको माटो निकालेर सफागरी वर्षौं देखिको पानी जाम समस्या समाधान गरिएको छ ।

७. नेपाल सरकारको राष्ट्रिय सरसफाई सप्ताह अभियान (मिति २०८३।०१।२८ देखि २०८३।०२।०१ गते) अन्तर्गत भृकुटीमण्डप व्यवस्थापन विभाग कार्यालय परिसरको बृहत् रुपमा सरसफाई गरी फोहोरको व्यवस्थापन गरिएको ।

८. भृकुटीमण्डप व्यवस्थापन विभागको लेखामा प्रयोग भईरहेको विलिङ्ग सफ्टवेयरमा पटक-पटक समस्या आउने गरेको, व्यवसायीहरुले मासिक भाडा बुझाउने प्रणालीमा भाडा रकम नदेखाउने, कहिले दोहोरो भाडा भुक्तानी हुने जस्ता समस्या बारम्बार आईरहने गरेकोले सफ्टवेयर प्रदायक, फोनपे र एनएमबी बैंकका कर्मचारी प्रतिनिधिलाई छलफल गरी केही हदसम्म समस्याको समाधान गरिएको ।

९. भृकुटीमण्डप क्षेत्रभित्र रहेको खुल्ला वजार क्षेत्रको विस्तृत विवरण संकलन गरी १३०० भन्दा वढी स्टलको अद्यावधिक विवरण तयार गरिएको ।

१०. भृकुटीमण्डप क्षेत्रमा हुने पट्के बुकिङ्ग सम्वन्धी सफ्टवेयर गैरसरकारी संघसंसथाको सहकार्यमा विकास गरी Install तथा Operation मा ल्याइएको छ ।

ख) आर्थिक प्रगति :

मिति २०८२ साउन १ देखि २०८३ असार ३२ सम्म अवधिको आम्दानी विल (स्टल, ईच्छुमती तरकारी वजार, खुल्ला वजार, घुम्ती पसल, खसी वजारको भाडा र विभिन्न कार्यक्रमवाट प्राप्त हुन आएको कुल रकम रु.१६,७८,३७१९९।९७ (अक्षेरुपी सोह्र करोड अठहत्तर लाख सैंतीस हजार एक सय उन्नान्सय र सन्तान्वे पैसा मात्र यस विभागको लेखा शाखाबाट प्राप्त भएको देखिन्छ । सोको केन्द्रिय अभिलेखको लागि आर्थिक प्रशासन विभागमा पठाइने गरिएको छ ।

च) कोषहरू तर्फको प्रगति विवरण :

परिषद् मातहतका कोषहरू मार्फत् भएका कार्यहरू देहाय बमोजिम छन् ।

१) राष्ट्रिय अपाङ्ग कोष :

यस कोष अन्तरगत यस आ.व.मा सम्पादन गरिएका मुख्य कार्यहरु :

१.१ सहायक सामग्री उत्पादन/वितरण तथा अर्थोपेडिक एप्लायन्सेस, भौतिक पुनर्स्थापना कार्यक्रम संचालन :

यस कार्यक्रम अन्तर्गत कोषले आफै खरिद गरी कृतिम हातखुट्टा वा अर्थोपेडीक एप्लायन्सेसहरु आदि प्रयोग गर्न नसक्ने आर्थिक अवस्था कम्जोर भएका अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्रीका प्रयोगबाट दैनिक जीवनमा गतिशीलता बढ्न गई हिंडडुल गर्न सजिलो हुने भएको हुंदा आर्थिक अवस्था हेरी आंशिक वा पूरै खर्च कोषको तर्फबाट व्यवस्था गरी सहायक सामग्रीहरु उत्पादन गरि वितरण गरिने कार्यक्रम अनुसार फिजियोथेरापी/सहायक सामग्री उत्पादन/वितरण कार्यक्रम सम्पन्न । यस अवधिमा सहायक सामग्री उत्पादन/वितरण तथा अर्थोपेडिक एप्लायन्सेस, भौतिक पुनर्स्थापना सम्बन्धी तपशिल बमोजिमको कार्यक्रम सम्पन्न गरिएको ।

१.१ (क) सहायक सामग्री सहयोग वितरण :

कोषले विगतका समयमा जस्तै यस आ.व मा पनि विविध कारणले अपाङ्गता भएका व्यक्तिहरु जस्तै विपद् भुकम्प, बाढी, पहिरो आदिबाट प्रभावित, विविध रोग जस्तै कुष्ठरोग, मधुमेह, जन्मजात र क्यान्सर आदि रोगका कारण अंग गुमाउन पुगेका विपन्न परिवारका अपांगता भएका व्यक्तिहरुका लागि आ.व.०८२/८३ मा १२०० जनालाई १५०० थान केन्द्र तथा घुम्ति शिविरका माध्यमबाट (भौतिक पुर्नस्थापना सेवा) सहायक सामग्रीहरु जस्तैः कृतिम हात, खट्टा, क्यालिपर, अर्थोपेडिक जुत्ता, बैशाखी, वाकर, वाकिंग स्टिक, व्हिलचियर, अपाङ्गता भएका बच्चा वच्चाहरुका विशेष खालको कुर्चि उपलब्ध गराउने कोषका वार्षिक योजन अनुसार यस आ.व मा ६५२ जनालाई ८५२ थान सहायक सामग्री उत्पादन गरी वितरण गरिएको थियो । उल्लेखित सहायक सामग्री विभिन्न निकायबाट अनुदान सहयोग जुटाई सेवा पुऱ्याईएको हो ।

१.१ (ख) सहायक सामग्री आवश्यकता पहिचान, नापजाँच तथा हस्तान्तरण शिविर

यस आ.व.मा नेपाल सरकारका तपसिल वमोजिमका स्थानिय तह एवं विभिन्न संघ संस्थासंगको सहकार्य समन्वयमा स्थानीय स्तरमा सहायक सामग्री नापजाँच, उत्पादन एवं हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको जस अन्तरगत जम्मा ४६ जना को लागि ९९ थान सहायक सामाग्री वितरण गरिएको ।

यस कार्यक्रमका केही फोटोहरु निम्न रहेका छन् ।

१.१ (ग) फिजियोथेरापि एवं अकुपेशनलथेरापी सेवा :

कुनै रोग लागेर विरामी भएका वा जन्मजात शारीरिक समस्या भएका व्यक्तिहरुकलाई बिना औषधी, शल्यक्रिया नगरिकन अभ्यासद्वारा वा विद्युतीय उपकरण वा चिसो वा तातो बस्तुको प्रयोग गरी कोषले विविध कारणबाट हातखुट्टा, मेरुदण्डको चोटपटक, मस्तिष्क पक्षघात, टाउको





वा मस्तिष्कको चोटपटक, आगोले पोलेका समस्याहरु, हाड भांचिएका, टाउकोमा पानी जमेका, पक्षघात संकुचन, हाडजोर्नीको वाथ, ढाड दुख्ने तथा नशा च्यापिने जस्ता हाडजोर्नी एवं नशा सम्बन्धी समस्या भएका, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सुविधालाई ध्यानमा राखी विद्युतीय र अन्य आधुनिक उपकरण मार्फत अभ्यास गर्ने तरिका सिकाएर दैनिक क्रियाकलाप गर्न सक्षम बन्न सहयोग पुऱ्याउने उद्देश्यले यस आ.व.मा १२०० जनालाई ३६०० सेसन फिजियोथेरापी एवं परामर्श सेवा प्रदान गर्ने लक्ष्य राखिएकोमा आ.व.०८२/८३ मा ६९९ जनालाई ३०६४ सेसन फिजियोथेरापी सेवा प्रदान गरिएको थियो ।

२) राष्ट्रिय स्वास्थ्य कोष :

क.स	कार्यक्रम	०८२/०८३ को लक्ष्य	०८२/०८३ को बार्षिक प्रगति
१	स्वास्थ्य शिक्षा तथा परामर्श कार्यक्रम	इनरुवा न.पा. वडा नं. ५ को कार्यालय सँग मिति २०८२।१०।२७ को सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्ने	लक्ष्य अनुरुप मिति २०८३।२।५ गते देखि २०८३।२।८ गते सम्म इनरुवा न.पा. वडा नं. ५-बलाहमा रहेका ४ वटा बिद्यालयको कक्षा ९ र १० मा अध्ययनरत ४५९ जना छात्र/छात्राहरुलाई लक्षित गरि **" बिद्धालयका बालबालिकाहरुसंग स्वास्थ्य शिक्षा तथा परामर्श कार्यक्रम"** सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा ४५९ जना छात्र/छात्राहरुको सहभागिता रहेको थियो । छात्र/छात्राहरु दक्ष चिकित्सक सहितको समुहद्धारा स्वास्थ्य संग सम्बन्धित विविध बिषयमा जनचेतना प्रवाह र परामर्श गरिएको थियो ।
२	स्वास्थ्य जाँच शिविर	इनरुवा न.पा. वडा नं. ५ को कार्यालय सँग मिति २०८२।१०।२७ को सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्ने	लक्ष्य अनुरुप मिति २०८३।२।९ गते इनरुवा न.पा. वडा नं. ५-बलाह स्थित नवयुग सहकारी संस्था लि.को भवनमा मा १ दिने स्वास्थ्य जाँच शिविर सञ्चालन गरिएको थियो । उक्त शिविर सञ्चालनमा प्राइम हस्पिटल प्रा.लि.ले विभिन्न विधाका ४ जान विशेषज्ञ डाक्टर सहितको प्राविधिक सहयोग उपलब्ध गराएको थियो । सो शिविरमा करिब १८६ जना स्थानियहरुले स्वास्थ्य जाँच सेवा लिएका थिय। शिविरमा Blood Pressure, Sugar,Video x-ray र ECG सेवा सहित निःशुल्क औषधि वितरण गरिएको थियो ।
३	समुदाय संग स्वास्थ्य शिक्षा, परामर्श कार्यक्रम	रामधुनी न.पा संग मिति २०८३।२।७ भएको सम्झौता अनरुप समुदायसंग स्वास्थ्य शिक्षा, परामर्श कार्यक्रम सञ्चालन गर्ने	रामधुनी नगरपालिका सँग मिति २०८३।२।७ भएको सम्झौता अनुरुप मिति २०८३।२।११ गते देखि मिति २०८३।२।१४ गतेसम्म **"समुदायसंग स्वास्थ्य शिक्षा तथा परामर्श कार्यक्रम"** सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम रामधुनी न.पा भित्रका ४ वटा फरक फरक स्थानमा सञ्चालन गरिएको थियो। सो कार्यक्रमका करिब ३०० जना स्थानियहरुको सहभागिता रहेको थियो । कार्यक्रममा दक्ष चिकित्सकहरु द्धारा स्वास्थ्य संग सम्बन्धित विविध बिषयमा जनचेतना प्रवाह र परामर्श गरिएको थियो ।

४	स्वास्थ्य जाँच शिविर	रामधुनी न.पा संग मिति २०८३।२।७ भएको सम्झौता अनुरुप कार्यक्रम सञ्चालन गर्ने	रामधुनी नगरपालिका सँग मिति २०८३।२।७ गते भएको सम्झौता अनुरुप मिति २०८३।०२।१६ गते रामधुनी न.पा. वडा नं. ८ डुम्राहको वडा कार्यलयको भवनमा १ दिने स्वास्थ्य जाँच शिविर सञ्चालन गरिएको थियो । उक्त शिविर सञ्चालनमा प्राइम हस्पिटल प्रा.लि विराटनगरले विभिन्न विधाका ४ जान विशेषज्ञ डाक्टर सहितको प्राविधिक सहयोग उपलब्ध गराएको थियो । सो शिविरमा करिब १८५ जना स्थानियहरुले स्वास्थ्य जाँच सेवा लिएका थिए । शिविरमा Blood Pressure, Sugar, Video x-ray र ECG जाँच सेवा सहित निःशुल्क औषधि वितरण गरिएको थियो ।
५	स्वास्थ्य जाँच शिविर	हरिनगर गाउँपालिका संग मिति २०८२।८।५गते भएको सम्झौता अनुरुप कार्यक्रम सञ्चालन गर्ने	हरिनगर गाउँपालिका संग मिति २०८२।८।५गते भएको सम्झौता अनुरुप सो गाउँपालिको वडा नं.१ देखि वडा नं. ७ सम्मको विभिन्न स्थानमा मिति २०८३।३।१ गते देखि मिति२०८३।३।७ गते सम्म १/१ दिनको **"निशुल्क स्वास्थ्य जाँच तथा औषधि वितरण शिविर तथा स्वास्थ्य परामर्श कार्यक्रम"** सञ्चालन गरिएको थियो । उक्त शिविरमा विभिन्न विधाका बिशेषज्ञ चिकित्सकहरुले सेवा पंदान गरेका थिए । शिविरमा १२७८ जनाको उपस्थिती रहेकोमा १०१८ जनाले स्वाथ्य जाँच सेवा, २१५ जानले ECG सेवा र ४२५ जनाले Sugar जाँच सेवा लिएका थिए ।

३) राष्ट्रिय ज्येष्ठ नागरिक कोष :

समाज कल्याण परिषद, कोष स्थापना तथा सञ्चालन (कार्य व्यवस्था) नियमावली २०५५ को चौथो संशोधन २०७२ बमोजिम यो राष्ट्रिय ज्येष्ठ नागरिक कोषको स्थापना भएको हो । यस कोषलाई आ.ब.०८२।०८३ मा परिषदले छुट्याएको वार्षिक बजेट रू १०,००,०००। (अक्षरेपी दश लाख) विनियोजन भई उक्त रकम सहित ज्येष्ठ नागरिक सम्बन्धि विभिन्न क्रियापलापहरू सञ्चालन हुने गरेको छ ।

परिच्छेद तीन

परिषद्को समस्या, चुनौतीहरू तथा समाधान र भावी रणनीति

(क) समस्या र चुनौतीहरू

सामाजिक क्षेत्रका गतिविधिहरूलाई व्यवस्थित र प्रभावकारी बनाई यस क्षेत्रमा संलग्न संघ संस्थाहरूलाई जिम्मेवार जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउने सन्दर्भमा देहाय बमोजिमका समस्या र चुनौतिहरू देखापरेका छन् ।

- परिषद् कार्यालय सञ्चालनार्थ पर्याप्त स्थान नहुँदा दैनिक सेवा प्रवाह र अभिलेख व्यवस्थापनमा समस्या भएको ।
- गैरसरकारी संस्था परिचालनमा एकद्वार नीतिको पूर्ण परिपालनमा समस्या रहेको ।
- कार्य प्रभावकारी हुन नसकेको ।
- परिषद्को संगठनात्मक ढाँचा समयानुकूल हुन नसकेको ।
- कर्मचारीको नियमित वृत्ति विकास कार्य रोकिएको ।
- AML र TF को जोखिमको आधारमा व्यवस्थापन गर्न नसकिएको ।
- परिषद् सञ्चालनका लागि दिगो आर्थिक श्रोतको अभाव रहेको ।
- बक्यौता असुली र बेरूजु फछ्यौंट अपेक्षाकृत हुन नसक्नु ।
- विद्युतीय प्रणालीबाट सेवा प्रवाह/व्यवस्थापन भइ नसक्नु ।

ख) समाधानका उपायहरू

- लैनचौर स्थित भवनबाट स्थानान्तरण गर्दा सरकारले भवन निर्माणका लागि आवश्यक पर्ने बजेट उपलब्ध गराउने प्रतिवद्धता कार्यान्वयनको लागि पहल गर्ने ।
- आवश्यकता/प्राथमिकता क्षेत्रमा परियोजना सञ्चालनका लागि अध्ययन कार्यदल गठन गरी कार्यबाही बढाउने ।
- प्रक्रियामा रहेका O&M Survey लाई पूर्णता लिएर लागू गर्ने ।
- लोक सेवा आयोगको सहमति र परामर्शका आधारमा कार्य सुचारू गर्ने ।
- विषयगत अध्ययन कार्यदल गठन गरी बेरूजु फच्छ्यौट गर्ने ।
- नेपाल सरकारबाट नियमित अनुदान सहितको सहयोग सुनिश्चितताको लागि अनवरत पहल गर्ने ।
- महालेखाको सुझाव कार्यान्वयन र नियमित सम्परिक्षण र सो सम्बन्धी कार्यदल गठन गरी कार्यबाही बढाउने ।
- विद्युतीय प्रणालीको निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

ग) भावी रणनीतिहरू

- विद्यमान समाज कल्याण ऐनलाई समयसामयिक बनाउने ।
- जनशक्ति व्यवस्थापन र परियोजनालाई परिणाममुखी बनाउन अनुगमन र मुल्याङ्कन प्रक्रियामा सरलता ल्याउने कार्यलाई प्राथमिकता दिइ अगाडि बढाउने ।
- जवाफदेहीता र पारदर्शीता जस्ता पक्षलाई रूपान्तरणका मुख्य आधार बनाई आर्थिक तथा प्रशासनिक पक्षलाई सवलीकरण गरि प्रविधि मैत्री बनाउने ।
- परिषदले संचालन गर्ने कार्यक्रमहरू र प्रवाहगर्ने **सेवाहरूको आयाममा व्यापकता बनाउने ।**
- कार्यक्रमलाई प्रभावकारी बनाउन **नियामक निकायको** रूपमा कार्य गर्ने ।
- **मानवीय सहायता एवं सामाजिक परिचालनका** कार्यक्रम सञ्चालन गरी सरकारको सामाजिक क्षेत्रका घोषित कार्यक्रमलाई आफ्नो क्षेत्रबाट योगदान दिने ।
- कार्यक्रमहरूलाई प्रभावकारी बनाउन **क्षेत्रगत र भौगोलिक प्राथमिकता** निर्धारण गर्ने

समाज कल्याण परिषद् (SWC) ले रसुवाको भोटेकोशीमा अएको बाढीबाट सिर्जित विपद्को व्यवस्थापनमा निर्वाह गरेको भूमिकाको संक्षिप्त प्रगति विवरण

मितिः २०८३।०५।३१ सम्मको

समाज कल्याण परिषद् (SWC) अन्तर्गत रहेका सामाजिक संघसंस्थाहरूलाई विपद् व्यवस्थापनमा कार्य गर्न सहजीकरण, समन्वय तथा निर्देशनबाट निम्न प्रगति भएको छ ।

कूल परियोजना स्वीकृति/संशोधन	कूल परियोजना सम्झौता/संशोधन	प्रधानमन्त्री विपद् राहत कोष	राहत सामग्री परिचालन
रु. १,३३,५८,३८,८५८/-	रु. ११,७४,१५,७४०/-	रु. १०,६७,३६,४७२	रु. ७८,०९,३०,०९१/-

१. छोटो प्रक्रियाबाट सहजीकरण

